पालुङटार नगरपालिकाको १९ औं नगर सभामा

नगर उप-प्रमुख श्री वन्दना पाण्डेद्वारा पेस भएको

# आर्थिक वर्ष २०८३/०८४ को

# वजेट वक्तव्य

पालुङटार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ठाँटीपोखरी, गोरखा

गण्डकी प्रदेश, नेपाल ।

२०८३ असार ९ गते

"समाजवादको आधार निर्माणको अभियान, सुन्दर र समृद्ध पालुङटार हाम्रो शान"

**नगरसभा अध्यक्ष ज्यू,**

१. नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समुन्नत र आत्मनिर्भर स्थानीय सरकार निर्माणमा योगदान पुऱ्याउने उद्देश्यका साथ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/०८४ को वजेट प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति गरेको छु।

२. यस महत्वपूर्ण अवसरमा राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता, सामाजिक न्याय, समानता र जनअधिकार स्थापनाका लागि भएका २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०५२ फाल्गुन १ गतेबाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को नेतृत्वमा भएको महान् जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक दोस्रो जनआन्दोलन तथा उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायको मुक्ति तथा अधिकार स्थापनाका निम्ति भएका सम्पूर्ण संघर्षहरू र जेन्जि बिद्रोहको क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति उच्च सम्मानसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, अपाङ्ग, बेपत्ता तथा सहिद परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. नेपालको संविधानले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा तथा स्थानीय सरकारको मूल मर्म अनुरूप समृद्ध पालुङटार, सुखी पालुङटारवासी निर्माण गर्ने दृढ संकल्पका साथ यो वजेट तर्जुमा गरिएको छ। सीमित स्रोत र बढ्दो जनअपेक्षाका बीच उपलब्ध स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गर्दै नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले वजेट तथा कार्यक्रम तयार गरिएको छ।

४. आर्थिक वर्ष २०८३/०८४ को वजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, सङ्घ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय तथा प्रादेशिक विकासका प्राथमिकता, पालुङटार नगरपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्य तथा नगरवासीहरूबाट प्राप्त सुझावहरूलाई मार्गदर्शक आधारका रूपमा लिइएको छ।

५. यस वजेटले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, रोजगार सिर्जना, सामाजिक सुरक्षा, सुशासन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छ। साथै, स्थानीय स्रोत र साधनको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, उद्यमशीलता विकास तथा समावेशी र दिगो विकासलाई विशेष जोड दिइएको छ।
६. **"समाजवादको आधार निर्माणको अभियान, सुन्दर र समृद्ध पालुङटार हाम्रो शान"** भन्ने नारालाई सार्थक तुल्याउने गरी १९ औ नगर सभाबाट पारित आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम अनुसार प्रस्तावित वजेटको कार्यान्वयन लागि आगामी आर्थिक वर्षमा संघ र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, विशेष अनुदान, शसर्त अनुदान र राजश्व बाँडफाँडका साथै नगरपालिकाको आन्तरिक आम्दानी समेतको आधारमा आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तावित आय/व्यय विवरण यस नगरसभा समक्ष पेस गर्दछु।

## नगरसभा अध्यक्ष ज्यू,

अब म पालुङटार नगरपालिकाको वजेट तथा कार्यक्रमका मुख्य उद्देश्यहरु यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु :

१. समृद्ध, आत्मनिर्भर र उत्पादनमुखी स्थानीय अर्थतन्त्र निर्माण गर्ने।
२. कृषि, पर्यटन, उद्योग र उद्यमशीलताको विकास गर्ने।
३. गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सुनिश्चित गर्ने।
४. दिगो पूर्वाधार विकास गर्ने।
५. सुशासन, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने।
६. वातावरण संरक्षण तथा विपद् व्यवस्थापनलाई सुदृढ बनाउने।

**नगरसभा अध्यक्ष ज्यू,**

अब म पालुङटार नगरपालिकाको वजेट तथा कार्यक्रमका मुख्य आधार तथा मार्गदर्शनहरु यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु :

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस
- संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरु
- पालुङटार नगरपालिकाको दोस्रो आवधिक योजना
- दिगो विकास लक्ष्यहरु (SDGs)
- नगरपालिकाको नीति तथा कार्यक्रम
- वडा तथा विषयगत समितिबाट प्राप्त सुझावहरू
- नागरिक स्तरबाट प्राप्त सुझावहरु

**नगरसभा अध्यक्ष ज्यू,**

अब म यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वजेट तथा कार्यक्रमका प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु

१. आर्थिक विकास, कृषि तथा खाद्य सुरक्षा
२. अनिवार्य तथा निःशुल्क शिक्षा
३. दिगो पूर्वाधार विकास
४. आधारभूत स्वास्थ्य
५. सुशासन तथा संस्थागत विकास
६. लैङ्गिक समानता र सामाजिक समावेशीकरण
७. वातावरण संरक्षण तथा विपद व्यवस्थापन

**नगर सभा अध्यक्ष ज्यू,**

**अब म चालु आ.ब. २०८३/०८४ को कार्यक्रमहरुका हालसम्मको प्रगतिको सक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

## १. वित्तिय प्रगति विवरण

चालु आर्थिक वर्षमा कुल विनियोजित वजेट रु ८६ करोड ८४ लाख ३८ हजार ३ सय २० रुपैंया ५० पैसा मध्ये चालु तर्फ रु ५७ करोड ७८ लाख ८४ हजार २ सय ५० रुपयाँ र पुँजीगत तर्फ २९ करोड २ लाख ५४ हजार ७० रुपैंया ५० पैसा विनियोजन भएकोमा हालसम्मको औसत खर्च ५३ करोड २९ लाख ८३ हजार ६ सय ३९ रुपयाँ ३४ पैसा खर्च भएको छ। जुन कुल विनियोजनको ६१.३७ प्रतिशत हुन आउछ। जसमा पुँजीगत खर्चतर्फ ५०.२२ प्रतिशत र चालु तर्फको खर्च ६७. ०१ प्रतिशत रहेको छ । चालु आ.व.को अन्त्य सम्ममा औषत खर्च ८१ प्रतिशत हुने अनुमान गरिएको छ ।

चालु आर्थिक वर्षमा आन्तरिक आय तर्फ कुल अनुमान ३ करोड ५० लाख मात्र रहेकोमा हालसम्म यथार्थ आम्दानी रु २ करोड ४९ लाख १ हजार ९७ रुपैया रहेको छ। जुन कुल अनुमानको ७१ दशमलव १५ प्रतिशत हुन आउछ । यस आर्थिक वर्षको अन्त्यसम्ममा ८० प्रतिशत लक्ष्य प्राप्ति हुने संसोधित अनुमान रहेको छ।

## २. हालसम्मका कार्यक्रमगत उपलब्धिहरु

## १. आर्थिक उपलब्धि

- ❖ नगरपालिकामा स्थापना भएको नर्सरीबाट ५०% अनुदानमा विरुवा उत्पादन गरी वितरण गरिएको छ।
- ❖ रजगरे मा.वि.मा जैविक खेती अन्तर्गत १ रोपनिमा तरकारी खेती र २.५ रोपनीमा केरा खेती गरिएको छ।

- ❖ अमिलो जातका फलफूल पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत १००० कागतीको विरुवा वितरण गरिएको छ।
- ❖ बिउ पैंचो कार्यक्रम अन्तर्गत ८ रोपनीमा अदुवाको बीउ तथा १०० रोपनीमा धानको बिउ उत्पादन गरिएको छ।
- ❖ मौरीको सम्भावनालाई जोड्न ६ दिने मौरी पालन तालिम सम्पन्न भएको छ।
- ❖ एक फर्म समुह सहकारी एक तरकारी कार्यक्रम अन्तर्गत १२ लाभग्राही संग सम्झौता भई कार्यक्रम सञ्चालन भएको छ।
- ❖ स्थानीय कृषि उपजको प्रवर्धन तथा बजारीकरणको लागि नियमित हाटबजार सञ्चालन हुँदै आएको छ साथै बजारीकरणमा सहज पहुँचको लागि हाटबजार सञ्चालन हुने दिनमा कृषि एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ।
- ❖ भूमि बैंक कार्यक्रम अन्तर्गत हाल सम्म ८४ रोपनी जग्गा सूचिकृत भएको छ।
- ❖ माटोको गुणस्तर परीक्षण तथा स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत २०० ठाँउमा माटोको नमुना परिक्षण गरी ६४,७०० के जि चुन वितरण गरिएको छ।
- ❖ स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम अन्तर्गत नगरपालिका परिसरमा कोसेली घर स्थापना गर्नुको साथै काठमाण्डौमा विग फर नेपालको सहकार्यमा पालुङटार नगरपालिकाको स्थानीय उत्पादनहरु बिक्रि कक्ष स्थापना गरिएको छ।
- ❖ हाल सम्म किसान सुचीकरण कार्यक्रम अन्तर्गत ३९८७ कृषक सूचिकृत गरिएको छ।
- ❖ मध्य पहाडी क्षेत्रमा मकै बालीको प्रवर्द्धनका लागि ९७० केजी रामपुर हाइब्रिड, ५०० के जि अरुण २ र १६५ के जी रामपुर कम्पोजिट मकैको वीउ र १६ हाते ट्याक्टर, २ वटा मकै रोप्ने र छोडाउने मेसिन र विषादी स्प्रे गर्ने मेसिन वितरण गरिएको छ। जसको उपलब्धि स्वरुप ३० हेक्टर क्षेत्रफलमा मकै बाली पर्वर्धनको क्षेत्र विस्तार गरिएको छ।

- अमिलो जातको फलफुल पकेट क्षेत्र निरन्तरता कार्यक्रम अन्तर्गत पुर्थोकबेसी उज्जवल कृषक समुहसँग सम्झौता गरी ९ हेक्टरमा क्षेत्रफलमा कागती र सुन्तला खेती विस्तार गरिएको छ।
- नेपाली धानका जातलाई प्रवर्द्धन गर्ने उद्देश्यले २१ मे.ट. धानको बीउ नगरपालिकाको तर्फ बाट ५०प्रतिसत अनुदानमा वितरण गरिएको छ। यसले करिव २१० हेक्टरमा धान बालीको क्षेत्र विस्तार भएको छ।
- स्थानीय रैथाने बालीको प्रवर्द्धन गर्नको लागि क्षेत्रफलका आधारमा रैथाने बालीको खेती गर्ने किसानहरुलाई प्रति रोपनी ९०० रुपैयाँ उपलब्ध गराइएको छ। जस अन्तर्गत ७० जना कृषक प्रत्यक्ष लाभान्वित भएका छन्।
- दुध र मासुमा आत्मानिर्भर पालुङटार भन्ने रणनीतिलाई आत्मसात गर्दै पालुङटार नगरपालिका वडा नम्बर ७ को जुडीखोला, ८ को दुभार र ९ को शेरामा कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन गरी दैनिक १७०० लिटर दुध निर्यात भैरहेको छ । साथै दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत किसानहरुलाई प्रति लिटर रु ३ का दरले अनुदान रकम उपलब्ध गराइएको छ।
- भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहकार्यमा पशु चौपायको गणना सम्पन्न भएको छ। जस अनुसार ४,४०० गाई ६,४९२ भैसी, ३९,३४० बाख्रा, १,८०६ बुंगुर,२,३८२ कुकुरको संख्या एकिन गरिएको छ।

## २. सामाजिक विकास क्षेत्रका उपलब्धी

- सामुदायिक विद्यालयहरुमा सवारीसाधन (स्कुल बस) संचालन गर्ने कार्यक्रम अन्तर्गत हालसम्म अमरज्योति जनता मा.वि, भवानी मा.वि, जीवनज्योति मा.वि, जनता मा.वि, अन्नपूर्ण मा.वि. गरी जम्मा ५ वटा विद्यालयहरुमा स्कुलबस सञ्चालन गरिएको छ ।

- सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि एस.इ.इ लक्षित छात्रावास कार्यक्रम र कक्षा ५, ८ र ९ को नगर स्तरीय परीक्षा संचालन गरिएको छ फलस्वरुप शैक्षिक सत्र २०८२ को राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालित एस.इ.इ परीक्षामा ८४.९२ प्रतिशत विद्यार्थी ग्रेडेड गराई गोरखा जिल्ला प्रथम हुन सफल भएको छ।
- समुदाय स्तरका, विद्यालय स्तरका, राष्ट्रपति रनिङ्गशिल्ड र मेयर कप फुटबल लगायत अन्य खेलकुद कार्यक्रम सम्पन्न भएको छ ।जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा ऐतिहासिक रुपमा प्रथम हुन सफल भएको छ।
- विद्यालय शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय वनाउनको लागि स्थानीय शिक्षा ऐन निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। पालुङटार नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण अन्तिम चरणमा रहेको छ।
- विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधारको लागि सबै विषयको विषयगत शिक्षक समूह गठन तथा परिचालन गरिएको छ।
- शिक्षकहरुको पेसागत क्षमता विकासका लागि १६ वटा छोटो अवधिका तालिम कार्यक्रम सम्पन्न भएका छन जसमा ४३७ जना शिक्षकहरुको सहभागिता रहेको थियो।
- विद्यार्थीहरुको बाल प्रतिभा पहिचान तथा प्रस्फुटनको लागि नगर स्तरीय वक्तृत्वकला, हाजिरीजवाफ र हस्तलेखन प्रतियोगिता सञ्चालन गरिएको छ।
- परम्परागत कला सँस्कृतिको संरक्षण एवम् प्रवद्धनको लागि पालुङटार भजन महोत्सव भव्य रुपमा सम्पन्न गरिएको छ।
- चालु आर्थिक वर्षमा विद्यार्थी संख्याको आधारमा २ वटा विद्यालयहरु समायोजन र २वटा विद्यालयहरुलाई कक्षा घटाइएको छ। समायोजन भएका विद्यालयहरुको जग्गा तथा भौतिक सम्पत्ति उपयोग र संरक्षणको लागि स्थलगत अनुगमन गरी प्रतिवेदन तयार पारिएकोले उक्त जग्गा तथा भौतिक सम्पत्तिको अन्य सार्वजनिक तथा सामुदायिक उपयोगको लागि मार्ग प्रसस्त भएको छ।

- ❖ विद्यालय समायोजन पश्चात शैक्षिक पहुँचमा असमर्थ बालबालिकाहरुको लागि सहायता कार्यक्रम सञ्चालन गरिएको छ।
- ❖ विद्यालयहरुको शैक्षिक तथा भौतिक गुणस्तर सुधारको लागि नियमित रुपमा विद्यालय अनुगमन, सुपरीवेक्षण तथा शिक्षकहरुलाई पेसागत सहयोग कार्यक्रम सञ्चालन गरिएको छ।
- ❖ सामुदायिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाहरुको सामुहिक दुर्घटना बिमा कार्यक्रम अगाडि बढाइएको छ।
- ❖ ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ३२ जनाको निशुल्क स्वास्थ्य बिमा गरिएको छ ।
- ❖ आयुर्वेदिक चिकित्सामा आधारित घुम्ती स्वास्थ्य शिविर सबै वडाहरुमा सञ्चालन गरिएको छ।
- ❖ फोहोर व्यवस्थापनका लागि फोहोरमैला प्रशोधन केन्द्र सञ्चालन गरिएको छ ।
- ❖ लिगलिगकोट, हर्मिकोट, मिरकोटगढी (कोटगढी), लाजीकोट, सिद्धगुफा थान, अन्नपुर्ण मन्दिर लगायत पर्यटकीय क्षेत्रमा पर्यटन प्रवर्धन तथा पूवाधार निर्माण कार्य गरिएको छ ।
- ❖ नगरपालिका भित्र बसोवास गर्ने नागरिकको वित्तीय पहुँच सुनिश्चितताको लागि टोल टोलमा वित्तीय सक्षरता कार्यक्रम संचालन गरिएको छ ।
- ❖ गरिब बिरामीसँग नगरपालिका कार्यक्रम अन्तर्गत ४३ जना गरिब, असहाय, विपन्न वर्गका विरामीलाई उपचार खर्च उपलब्ध गराईएको छ ।
- ❖ जेष्ठ नागरिक घरदैलो कार्यक्रम अन्तर्गत ४२०२ जना जेष्ठ नागरिकलाई घरदैलो मार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- ❖ नमुना दलित वस्ती विकास कार्यक्रमको लागि वडा नं ७ को खाल्टे वस्तीजाने वाटोमा मा सिंढि निर्माणको काम सम्पन्न गरिएको छ।

- बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि सरोकारवालाहरु सँग सवै वडा स्तरमा अभिमूखीकरण कार्यक्रम, सम्पर्क व्यक्ति छनोट, बाल समूह गठन, वडा स्तरीय बाल सञ्जाल, वस्तुगत अवस्था पहिचान र विश्लेषणका लागि गणक छनोट गरी तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ।
- चालु आर्थिक वर्षमा ४४ जना जेष्ठ नागरिक तथा ४८ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र उपलब्ध गराइएको छ।
- महिला सञ्जाल मार्फत मागमा आधारित सिप विकास तालिम सञ्चालन गरी महिलाहरुलाई प्रत्यक्ष रोजगारीमा जोड्ने गरी वडा नं. ३,४,५ र ६ का ३० जना महिलाहरुलाई २६ दिने अटो ड्राईभिङ, २० जनालाई ४० दिने लेभल २ सिलाई तथा गार्मेन्ट तालिम र ३ वटा समूहका ३६ जनालई नौमती बाजा तालिम लगायत विभिन्न सिप विकास तालिम सम्पन गरिएको छ। साथै CTEVT सँगको सहकार्यमा लेभल २ तालिमका सहभागीहरुको सिप परीक्षण सम्पन्न भएको छ।
- चालु आर्थिक वर्षमा पञ्जिकरण शाखा मार्फत ८६७ जन्मदर्ता, ३९० मृत्युदर्ता, ८९ सम्बन्ध बिच्छेद, ४३४ विवाह दर्ता, ४४ घर परिवार बसाँई सरी आएको र १६२ घर परिवार बसाँइ सरी गएको घटना दर्ता भएको छ।

## ३. भौतिक विकास क्षेत्रका उपलब्धि

- चालु आर्थिक बर्षमा सडक तर्फ कालोपत्रे सडक१२२६ मिटर, ढलान सडक ५३२.९६ मिटर, ग्राभेल सडक२.८० कि.मि. र कच्ची सडक१.४ कि.मि. निर्माण सम्पन्न भएको छ।
- स्तरोन्नती भएका सडकहरूमा २.५ कि.मी. पक्की नाली र कच्ची नाली ५.५ कि.मी. निर्माण भएको छ।
- ९ वटा सामुदायिक भवन तथा ५ वटा मन्दिर निर्माण तथा मर्मत कार्य

सम्पन्न गरिएको छ ।

- सिंचाई तर्फ १३५० मिटर पक्की कुलो र ११ वटा सिंचाई बाँध निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ।
- १४६० मिटर सिढी निर्माण सम्पन्न भएको छ ।
- खानेपानी तर्फ ३० वटा योजना सम्पन्न भएको छ ।
- ८९० घनमिटर ग्याबियन कार्य मार्फत नदि नियन्त्रण तथा सडक संरक्षण कार्य सम्पन्न गरिएको छ ।
- सहिद पार्क, कभर्ड हल योजनाको यसै आ.व.मा सम्पन्न हुनेछ।
- कल्भर्ट १ वटा, तारवार ८४५ मिटर, ७ वटा प्रतिक्षालय निर्माण सम्पन्न भएको छ ।
- घर नक्शा पासको विवरण
    - स्थायी नक्शा पासः १० वटा
    - घर अभिलेखिकरणः २० घर
    - घर कायमः ६ वटा

## ३. सुशासन तथा संस्थागत क्षेत्रका उपलब्धिहरु

- गत आ.व.मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा गुणस्तर परीक्षण पश्चात ८७.७५ प्रतिशत अङ्क सहित जिल्ला प्रथम भएको छ भने स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ८४.५% अङ्क प्राप्त गरी उत्कृष्ट स्थान प्राप्त गरेको छ।
- सुशासन अभिवृद्धिका लागि नगरपालिकाबाट प्रवाह हुने सेवाको बारेमा आम जनतालाई जानकारी दिन, जनगुनासो र सल्लाह सुझाव लिन ३ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।
- यस आर्थिक वर्षमा न्यायिक समितिमा दर्ता भएका १६वटा विवाद मध्ये १४ वटा विवादहरु निरुपण एवम् समाधान गरिएका छन।
- न्यायिक समिति मार्फत क्षमता विकासका लागि लेखन सिप सम्बन्धी प्रशिक्षण, विद्यालय स्तरमा कानुनी सचेतना कार्यक्रम, मेलमिलाप सम्बन्धी ३ दिने पुनतार्जगी तालिम, न्यायिक समितिका पदाधिकारी तथा सदस्यहरु र मेलमिलापकर्ताहरुको असल अभ्यास, अनुभव आदन प्रदान तथा अवलोकन भ्रमण कार्यक्रम, समुदायसँग न्यायिक समिति कार्यक्रम र ५० जनालाई कानूनी परामर्श सेवा उपलब्ध गराइएको छ। आर्थिक वर्षमा न्यायिक समिति अन्तर्गत सूचीकृत मेलमिलापकर्ताहरु ३७ जना रहेका छन्।
- यस आर्थिक वर्षमा ८ वटा ऐन र ११वटा कार्यविधि निर्माण तथा संसोधन भई कार्यान्वयनमा ल्याइएको छ।

**नगरसभा अध्यक्ष ज्यू,**

अब म यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०८३/०८४ को वजेट तथा कार्यक्रमको स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु

| आय विवरण | | | |
|---|---|---|---|
| **क्र.स** | **वजेटको श्रोत** | **अनुदान विवरण** | **अनुमानित आय** |
| **१** | **नेपाल सरकार** | | |
| १.१ | नेपाल सरकार | समानिकरण अनुदान | १६ करोड ९७लाख |
| १.२ | | सशर्त अनुदान | ३७ करोड ७ लाख |
| १.३ | | राजस्व बाडफाँड | ११ करोड १६ लाख ३४ हजार |
| | नेपाल सरकार बाट प्राप्त जम्मा आय | | ६५ करोड २० लाख ३४ हजार |
| **२** | **गण्डकी प्रदेश सरकार** | | |
| २.१ | गण्डकी प्रदेश | समानीकरण अनुदान | २ करोड ४२ लाख ४५ हजार |
| २.२ | | समपुरक अनुदान | ६५ लाख |
| २.३ | | बिशेष अनुदान | ४० लाख |
| २.४ | | राजस्व बाडफाँड/ सवारी साधन कर | १ करोड २० लाख |
| | गण्डकी प्रदेश बाट प्राप्त जम्मा आय | | ४ करोड ६७ लाख ४५ हजार |
| **३** | | | |
| ३.१ | पालुङटार नगरपालिका | आन्तरिक आय | ४ करोड |
| ३.२ | | अल्या | ६ करोड |

| | | | |
|---|---|---|---|
| ३.३ | | घर जग्गा रजिस्ट्रेसन | ६० लाख |
| | पालुङटार नगरपालिकाको जम्मा आय | | १०करोड ६० लाख |
| ३.४ | सडक बोर्ड नेपाल | | ३२ लाख |
| | आर्थिक वर्ष २०८३/०८४ को अनुमानित जम्मा आय | | ८० करोड ७९ लाख ७९ हजार |
| | | | |

**नगरसभा अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८३/०८४ को विषय क्षेत्रगत अनुमानित वजेट प्रक्षेपण गरिमामय सभा समक्ष पेस गर्न अनुमति चाहन्छु :

**१.आर्थिक विकास**

**क) कृषि तथा पशुपन्छी विकास**

कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा आगाडी बढाइने नीति कार्यक्रमको सङ्कल्पलाई पुरा गर्न देहाय बमोजिमको कार्यक्रम प्रस्ताव गरेको छुः

- ❖ कृषि उत्पादनको वजारीकरणको समस्यालाई मध्यनजर गर्दै, हाटबजार, कृषि उपज सङ्कलन केन्द्र तथा शीत भण्डारण केन्द्र सञ्चालन र बजार सम्म पहुँच विस्तारको लागि कृषि एम्बुलेन्स सञ्चालन गर्न रु ५ लाख वजेट विनियोजन गरेको छु।
- ❖ पालुङ्टार नगरपालिकालाई मासु र दुधमा आत्मनिर्भर बनाउने नगर गौरवको योजनालाई निरन्तरता दिएको छु।
- ❖ सुन्तला जातको फलफुलको पकेट विकास कार्यक्रम र रैथाने बाली प्रवर्द्धन कार्यक्रम लागि १२ लाख रकम विनियोजन गरेको छु।
- ❖ भूमि बैंक स्थापना गरी बाँझो जग्गालाई उपयोगमा ल्याउन आवश्यक वजेट विनियोजन गरेको छु।

- खाद्यन्न बालीको उन्नत विउ उपयोगमा अनुदानका लागि ९ लाख २५ हजार रकम विनियोजन गरेको छु।
- दुग्ध उत्पादनमा आधारित अनुदानको लागि प्रतिलिटर रु ३ का दरले किसानलाई अनुदान रकम उपलब्ध गराउनको लागि रु १८ लाख रकम विनियोजन गरेको छु।
- पशुपन्छीको स्वास्थ्य शिविर तथा अत्यावस्यक औषधि खरिदको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- कृषि विकास क्षेत्र तर्फको कार्यक्रम सञ्चालनको लागि रु ८४ लाख ७० हजार रकम विनियोजन गरेको छु।

## ख) उद्योग, व्यावसाय तथा रोजगार

- श्रमको सम्मान राष्ट्रको अभियान भन्ने मुल नारालाई आत्मसाथ गर्दै नगरपालिका भित्र सूचिकृत भएका वेरोजगार युवाहरुलाई रोजगार सिर्जना गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यका साथ सिपमुलक, व्यावसायिक र क्षमता विकासका तालिमहरु सञ्चालन गरी लक्षित तथा विपन्न समुदायमा उद्यमशिलता विकास गर्न गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन, सञ्जाल गठन तथा सिपमुलक तालिम मार्फत क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार तर्फ  रु९ लाख २५ हजार विनियोजन गरेको छु ।
- नगरपालिकाका भित्र रहेका सहकारीहरु मार्फत परिचालन हुने पुँजीलाई स्थानीय उत्पादनमा लगानी गरी समृद्धिसँग जोड्नको लागि बचत तथा ऋण सहकारीहरुले कृषि क्षेत्रमा निश्चित ऋण परिचालन गर्नुपर्ने व्यवस्था गरेको छु।
- सहकारीहरुको संस्थागत क्षमता विकास,  सुशासन, कार्य क्षमता अभिबृद्धि र सहकारी संजाल गठनको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

- ❖ CTEVT का आङ्गिक शिक्षालय र सम्बन्धन प्राप्त शिक्षालय तालिम केन्द्र मार्फत मोडुलर रुपमा कार्यगत अभ्यासमा आधारित सिप विकास तालिम सञ्चालनको लागि रु १९ लाख वजेट विनियोजन गरेको छु।
- ❖ उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूती, सिप विकास उद्यमशिलता प्रवर्धन र पुन एकीकरण सम्बन्धि क्रियाकलाप सञ्चालनको लागि रु ८ लाख ९४ हजार विनियोजन गरेको छु।
- ❖ उद्योग, व्यवसाय तथा रोजगार सम्बन्धी कार्यक्रम सञ्चालन गरी स्थानीय स्तरमा रोजगारी प्रवर्धन गर्न रु ३० लाख वजेट विनियोजन गरेको छु।

### ग) पर्यटन विकास

- ❖ नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको विकास, प्रवर्द्धन र प्रचार प्रसार लगायतका कार्यक्रम सञ्चालन गर्न रु १५ लाख रकम विनियोजन गरेको छु।

## २. सामाजिक विकास

### २.१ आधारभूत तथा माध्यमिक शिक्षा तर्फ

- ❖ शैक्षिक सुशासन पवर्धन कार्यक्रम सञ्चालनको लागि रु ५ लाख ९५ हजार रकम विनियोजन गरेको छु।
- ❖ पालुङटार नगरपालिकाको शैक्षिक प्रोफाइल निर्माण गरि शैक्षिक तथ्याङ्कहरु अध्यावधिक गर्नको लागि रु २ लाख वजेट विनियोजन गरेको छु।
- ❖ विषयगत शिक्षक समूह गठन र परिचालन मार्फत सिकाई गुणस्तर विकास गर्ने र शिक्षकहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु ६लाख वजेट विनियोजन गरेको छु।
- ❖ विद्यालय स्तरमा अध्ययनरत बालबालिकाहरुमा वढ्दो मानसिक समस्या न्युनीकरणको लागि विद्यार्थी मनोसामाजिक परामर्श तथा योग ध्यान शिविर सञ्चालनको लागि रु ५ लाख वजेट विनियोजन गरेको छु।

- एस.इ.इ परीक्षामा विद्यार्थीको उपलब्धि स्तर सुधार गर्नको लागि सञ्चालित एस.इ.इ लक्षित छात्रावास कार्यक्रम सञ्चालनको लागि रु ७ लाख वजेट विनियोजन गरेको छु।
- प्रसुति बिदामा रहेका वा अन्य कारणले लामो समय विदामा रहेका शिक्षकको सट्टामा बिदा अवधिभर स्वंयसेवक शिक्षकको व्यवस्था गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको सामुहिक दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- शिक्षाको पहुँचबाट टाढा रहेका बालबालिकाहरुलाई सहज पहुँच सुनिश्चितताको लागि छात्राबास वा यातायातको सुविधा उपलब्ध गराउन आवश्यक वजेट विनियोजन गरेको छु।
- विद्यार्थीको मूल्याङ्कन प्रणालीलाई प्रभावकारी र गुणस्तरीय बनाउन कक्षा ५, ८ र ९ को नगरस्तरीय परीक्षा सञ्चालन गर्न रु १० लाख विनियोजन गरेको छु।
- दिवा खाजा कार्यक्रममा पत्रु खाना (Junk Food) निषेध गरी स्थानीय उत्पादनको प्रयोग मार्फत पोषणयुक्त खाजा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाएको छु।
- विद्यालय स्तरमा अध्ययनरत विद्यार्थीहरुमा वृत्ति छनोट सम्बन्धी चेतना विकासको लागि सञ्चालित वृत्ति मार्ग निर्देशन कार्यक्रमको निरन्तरताको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- सरकारी तथा सामुदायिक शिक्षण संस्थामा प्राविधिक माध्यामिक शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन आवश्यक वजेट विनियोजन गरेको छु।

- वृहत् शैक्षिक प्रदर्शनी मेला तथा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्न र साथीबाट सिक्ने र साथीलाई सिकाउने (सहपाठी सिकाई) कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- आधारभूत तथा माध्यमिक शिक्षा तर्फको कार्यक्रम सञ्चालनको लागि रु ३१ करोड ५९ लाख रकम विनियोजन गरेको छु।

## २.२ बालमैत्री स्थानीय शासन तर्फ

- नगरपालिकालाई संवत २०८३ चैत्र मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न रु ४० लाख वजेट विनियोजन गरेको छु।

## २.३ आधारभूत स्वास्थ्य

- आधारभूत स्वास्थ्य सेवालाई सहज बनाउन बढी जनसङ्ख्या लाभान्वित हुने गरी भौगोलिक अवस्थितिको आधारमा उपयुक्त स्थानमा रहेको गाईखुर स्वास्थ्य चौकीलाई नगर स्तरीय आधारभूत अस्पतालको रुपमा सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवालाई विश्वसनीय र प्रभावकारी बनाउन निःशुल्क वितरण गर्दै आएको ९८ प्रकारका औषधि र अत्यावश्यक औषधि तथा औषधीजन्य सामाग्रीहरु व्यवस्थापनको लागि रु ४४ लाख विनियोजन गरेको छु।
- अवकाश प्राप्त महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई अवकाश पश्चात प्रोत्साहित गर्ने र महिला स्वास्थ्य स्वयम् सेविकाको प्रोत्साहनका लागि यातायात खर्च उपलब्ध गराउन रु २४ लाख ९० हजार विनियोजन गरेको छु।

- नगरवासीको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ चिकित्सक सहितको घुम्ति सेवा र ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।
- गरीव बिरामीसँग नगरपालिका कार्यक्रमको निरन्तरताको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- शव व्यवस्थापनका लागि निशुल्क शव वाहन सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- मातृशिशु स्वास्थ्य सुधार गर्न खोप, प्रसुति सेवा र पोषण सम्वन्धी कार्यक्रमहरु सञ्चालनको लागि नगरपालिकासँग गर्भवति तथा सुत्केरी पोषण कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- आयुर्वेद स्वास्थ्य अन्तर्गतका कार्यक्रमहरु सञ्चालनको लागि रु १७ ला रकम विनियोजन गरेको छु।
- आधारभूत स्वास्थ्य तर्फका कार्यक्रमहरु सञ्चालनको लागि एकमुष्ठ रु ८ करोड ९७ लाख ४० हजार रकम विनियोजन गरेको छु।

## २.४ खानेपानी तथा सरसफाई

- आधारभूत खानेपानीमा पहुँच सुनिश्चितताको लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिएको छु।
- खानेपानीका विद्यमान स्रोतहरु तथा मौजुदा खानेपानी तथा सरसफाई सम्बन्धी संरचना/सुविधाहरुको लागत सङ्कलन गरी तथ्याङ्कको आधाररेखा तयार गरी अभिलेखन गर्न WASH गणकहरु परिचालनको लागि रु २ लाख विनियोजन गरेको छु।
- जलस्रोतको दीगोपनाका लागि सबै वडाहरुमा एक वडा एक रिचार्ज पोखरी निर्माण गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

- ❖ फोहोरमैला व्यवस्थापन सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था गरेको छ।
- ❖ खानेपानी तथा सरसफाइको लागि एकमुष्ठ रु ४५ लाख रकम विनियोजन गरेको छ।

## २.५ महिला, बालबालिका, जेष्ठनागरिक, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

- ❖ आदिवासी जनजाति, दलित, उत्पीडित समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लैङ्गिक विभेद र घरेलु हिंसा पिडित लगायतका लक्षित वर्गलाई लैगिंक समानता तथा सामाजिक समावेशीकरणको मुलप्रवाहमा ल्याउने कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छ।
- ❖ बालापनको रक्षा भविष्यको सुरक्षा, बाल संरक्षण प्रणाली सुदृढीकरणको लागि रु ७ लाख विनियोजन गरेको छ।
- ❖ महिला लक्षित कार्यक्रम अन्तर्गत मागमा आधारित सिपमुलक तालिम कार्यक्रम सञ्चालन गर्न र स्थानीय सिप र कच्चा पदार्थको प्रयोगद्वारा निर्माण हुने हार्पिक, फिनेल, झोल साबुन तथा दुना टपरी लगाएत हस्तकलाका सामग्रीहरुको उत्पादन र सरकारी निकायहरुमा अनिवार्य प्रयोग तथा बजारीकरणका लागि कोशेली घर सञ्चालन गर्न आवश्यक  व्यवस्था मिलाएको छ।
- ❖ तीन पाङ्ग्रे हलुका सवारी साधन( अटो) चालक तथा व्यवसायिहरुको व्यवसायिक क्षमता विकासको लागि अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छ।
- ❖ सामाजिक समावेशीकरण तर्फ एकमुष्ठ रु४१ लाख रकम विनियोजन गरेको छ।

## २.६ खेलकुद, साहित्य, कला, सँस्कृति

- ❖ एक वडा एक खेलमैदान कार्यक्रमलाई निरन्तरता दिँदै वडाहरुमा रहेका खेलमैदानहरुको सुदृढीकरणको लागि आवश्यक वजेट विनियोजन गरेको छ।

- विद्यालय र क्लबहरु लक्षित खेल सिप विकास गराउन बन्द प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु। नगर स्तरीय, जिल्ला स्तरीय तथा प्रदेश स्तरीय खेलकुद कार्यक्रम सञ्चालन तथा सहभागिताको लागि आवश्यक रकम विनियोजन गरेको छु।
- नगर भित्रका लेखक, साहित्यकार तथा कलाकारहरुको प्रोत्साहन र विकासका लागि युवा प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको छु।
- विभिन्न जातजाति रितिरिवाज धर्म, संस्कृतिकको रक्षा र प्रवर्द्धन गर्न कला,भाषा, साहित्य र सँस्कृति तर्फ आवश्यक वजेट विनियोजन गरिएको छ ।
- खेलकुद कार्यक्रम सञ्चालनको लागि एकमुष्ठ रु ५० लाख रकम विनियोजन गरेको छु।

## ३. भौतिक पूर्वाधार विकास

### ३.१ सडक यातायात

- नगरपालिका भित्रका सडकहरुलाई सबै मौसममा सञ्चालन हुने गरि स्तरउन्नति गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । नगरपालिकामा सहज पहुँच विस्तार गर्नका लागि ३ पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक वजेटव्यवस्था गरेको छु ।
- नगरपालिका केन्द्रसँगको सहज यातायात पहुँच विस्तारको लागि नगर गौरवको सडक आयोजनाको रुपमा विरुवाटार कामधेनु गाई फर्म सडक, राधाकृष्ण ठाँटीपोखरी सडक र समीफेद डुम्रेडाँडा सडक स्तरोन्नतिको कार्यक्रमलाई निरन्तरता दिँदै लुईटेलबाट १० नं. वडा कार्यालय जोड्ने सडक र

भोटेकाटेबाट वडा नं. ६ को कार्यालय जोड्ने सडकको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

- ❖ गण्डकी प्रदेश सरकार र नगरपालिकाको समपुरक कार्यक्रम अन्तर्गत खोलिगाउँ लिगलिगकोट सडक स्तरोन्नतिको लागि रु १ करोड २० लाख विनियोजन गरेको छु।
- ❖ नगरपालिका भित्रका सुख्खा क्षेत्रहरुमा सिँचाई सुविधा विस्तार गरी उत्पादन वृद्धि गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

## ३.२ सूचना तथा संचार

- ❖ नगरपालिकाबाट सम्पादित कार्यहरुको बारेमा आम नगरवासीहरुलाई सूचित गराउन सञ्चारकर्मीहरुसँगको निरन्तर भेट तथा अन्तर्क्रियाको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- ❖ व्यक्तिगत घटना दर्ता,नागरिकता सिफारिस, राजश्व संकलन, योजना अभिलेख लगायतका सेवाहरुलाई प्रविधिमैत्री बनाउन आवश्यक वजेट विनियोजन गरेको छु।

# ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

## ४.१ वन तथा वातावरण

- ❖ विपद् बाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आकलन गरी जोखिम न्यूनीकरणको लागि नगरपालिकामा **Rapid Response Team (RRT)** को गठन तथा परिचालनको लागि विपद् व्यवस्थापन कोष मार्फत आवश्यक वजेट व्यवस्था मिलाएको छु।

- ❖ सडक निर्माण तथा प्राकृतिक स्रोतको उत्खनन् कार्य गर्दा अनिवार्य रुपमा प्रारम्भिक वातावरणिय परीक्षण (IEE) गर्नुपर्ने व्यवस्था गरेको छु।
- ❖ खेतियोग्य जग्गा संरक्षणको लागि बाढी पहिरोबाट कटान रोक्न तटबन्ध गर्ने कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु।

## ४.२ भूमी व्यवस्था

- ❖ सार्वजनिक, ऐलानी, सरकारी तथा पर्ति जग्गाहरुको एकीकृत विवरण तयार गरी व्यवस्थित अभिलेखीकरण, संरक्षण र उपयोग गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- ❖ भूमि बैंकको अवधारणा लागु गरी बाँझो रहेका जमिनहरुलाई भूमि बैंक मार्फत उपयोगमा ल्याउनको लागि आवश्यक रकम विनियोजन गरेको छु।
- ❖ सार्वजनिक जग्गाहरुमा फलफुल तथा अन्य जातको रुख विरुवाको वृक्षरोपण गर्ने कार्यको लागि टोल विकास संस्थालाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

## ५. सुशासन तथा संस्थागत क्षमता विकास

- ❖ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, सर्वसुलभ र पारदर्शी बनाई जनतालाई सुशासनको अनुभुति दिन संस्थागत सुधार गर्दै जनप्रतिनिधि र कर्ममचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- ❖ कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कनको आधारमा पुरस्कारको व्यवस्था गर्न आवश्यक वजेट विनियोजन गरेको छु।
- ❖ राजश्व सङ्कलन अभियान र शून्य वेरुजु अभियान सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

- सबै वडाबाट प्राथमिकता निर्धारण भइ पेश हुने योजना तथा कार्यक्रमहरुको लागि रु ७ करोड सिमा निर्धारण गरेको छु।
- नगर प्रहरी व्यवस्थापन तथा परिचालनको लागि रु ६० लाख रकम विनियोजन गरेको छु।
- भूमी प्रशासन शाखा सञ्चालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- करार कर्मचारीहरुको मनोबल उच्च बनाउदै कार्यसम्पादन गराउन महङ्गी भत्ता स्वरुप प्रति महिना रु २ हजारका दरले उपलब्ध गराउन आवश्यक वजेट विनियोजन गरेको छु।

## ६. न्यायिक समिति

- न्यायिक समितिको काम कारवाहीलाई मेलमिलापको सिद्धान्तको आधारमा विवाद समाधान गर्न र न्यायिक प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाउन आवश्यक रकम विनियोजन गरेको छु।
- न्यायिक समितिका पदाधिकारी, सदस्यहरु तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- विवाद समाधान, मानव अधिकार प्रवर्द्धन र न्याय सम्पादनलाई स्वतन्त्र, निश्पक्ष र विश्वसनीय बनाउन समुदाय, टोल र विद्यालयमा कानुनी सचेतना तथा अभिमूखीकरण कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।
- मेलमिलापकर्ताहरुको मनोबल उच्च बनाई कार्य सञ्चालन गराउन उत्कृष्ट कार्यसम्पादन गर्ने मेलमिलापकर्ताकरुलाई प्रोत्साहनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

- न्यायिक समिति मार्फत सम्पादित कार्यहरुको डिजिटल अभिलेखीकरणको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- निःशुल्क कानुनी परामर्श, निवेदन दर्ता सिविर तथा हिंसा निवारण कोषलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु।

**७. सह - लगानीमा सञ्चालन गरिने योजना**

- **"दिगो विकासको आधार, साझेदारीमा पूर्वाधार"** भन्ने नारालाई आत्मसात गर्दै सामुदायिक भवनमा न्यूनतम ५०%, सडक कालोपत्रेमा न्यूनतम ४०% र सिंचाइमा न्यूनतम ३०% सह-लगानी गर्ने समुदायलाई First Come First Service को आधारमा आयोजनाहरु सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

**राजश्व तथा आयको प्रक्षेपण**

**नगर सभा अध्यक्ष ज्यू**

**अब म आ.व. २०८३/०८४ को राजश्व र आयको प्रक्षेपण पेश गर्ने अनुमति चाहन्छुः**

- आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको जम्मा ७९ करोड ७९ लाख ७९ हजार व्यय मध्ये संघीय सरकारबाट प्राप्त अनुदान ६५ करोड २० लाख ३४ हजार, प्रदेश सरकारबाट प्राप्त अनुदान ४ करोड ६७ लाख ४५ हजार आन्तरिक आय तर्फ ९ करोड ६० लाख सडक बोर्ड बाट ३२ लाख रहेको छ।
- संघीय सरकार र प्रदेश सरकारसँगको निर्भरतालाई क्रमश घटाउदै नगरपालिकाको आन्तरिक आय वृद्धिका लागि राजस्व सुधार कार्ययोजना अनुसार करको दायरा र दरमा समयानुकुल परिमार्जन एवम् संशोधन गरेको छु।
- असोज मसान्त भित्र सम्पत्ति कर र भूमि कर बुझाउने करदाताहरुको लागि निम्नानुशार १० शिर्षकहरुमा सेवा शुल्क पूर्ण छुट दिने व्यवस्था गरेको छु।

१.वंशजको आधारमा गरिने नागरिकता सिफारिश शुल्क।
२.आदिवासी जनजाती, दलित, अपाङ्गता, एकल महिला, विपन्न सिफारिश शुल्क।
३.नामथर संशोधन सिफारिश शुल्क।
४.सूचना टाँस सिफारिस शुल्क।
५.जन्ममिति प्रमाणित सिफारिश शुल्क।
६.अबिबाहित र बिबाहित प्रमाणित शुल्क ।
७.सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि वापतको दस्तुर ।
८.निवेदन शुल्क
९.लालपुर्जामा फोटो टाँस सिफारिस शुल्क
१०.उजुरी रोक्का निवेदन दस्तुर

- पशु सेवा अन्तरगत चालु आ.व.मा लिईदै आएको पशुपन्क्षी दर्ता शुल्क, पशु बन्धाकरण शुल्क, पशु उपचार शुल्क, दुग्ध परीक्षण, पशु पोस्टमार्टम शुल्क लगायत पशुसेवा तर्फको तोकिएका सेवाहरु निःशुल्क गरेको छु।
- नगरपालिका भित्र कार्यक्षेत्र सिमित रहेका कृषि तथा पशुपन्छी फर्म दर्ता र नविकरणमा ५० प्रतिशत छुटको व्यवस्था गरेको छु ।

**वजेट सम्बन्धि विस्तृत विवरण आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ मा समावेश गरिएको व्यहोरा सभा समक्ष जानकारी गराउँदछु।**

**नगरसभा अध्यक्ष ज्यु,**

संघ र प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान अन्तर्गतका योजनाहरु समेत वजेट तथा कार्यक्रममा समावेश गरिएको यस सभा सक्षम जानकारी गराउछु।

**नगर सभा अध्यक्ष ज्यु,**
**अन्तमा,**

प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को वजेट पालुङटार नगरपालिकाको समृद्धि, सुशासन, सामाजिक न्याय, आर्थिक विकास तथा दिगो पूर्वाधार निर्माणको साझा संकल्पलाई कार्यान्वयन गर्ने महत्वपूर्ण आधारका रूपमा रहने विश्वास लिएकी छु। सीमित स्रोत र असीमित आवश्यकताका बीच नगरवासीको अपेक्षा, आवश्यकता र विकासका प्राथमिकतालाई समेट्ने प्रयास यस वजेटमार्फत गरिएको छ। यस वजेटको सफल कार्यान्वयन नगरपालिकाको एकल प्रयासबाट सम्भव छैन। यसका लागि नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू, कार्यपालिका, वडा कार्यालयहरू, विषयगत समितिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, नागरिक समाज, सामुदायिक संस्थाहरू, सहकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार संस्थाहरू, सञ्चारकर्मीहरू तथा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूको सक्रिय सहभागिता, रचनात्मक सहयोग, सकारात्मक सुझाव तथा निरन्तर सहकार्यको आवश्यकता रहनेछ।

हामी पारदर्शिता, जवाफदेहिता, मितव्ययिता र परिणाममुखी कार्यसम्पादनलाई केन्द्रमा राखी वजेट कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। विकास निर्माणका प्रत्येक गतिविधिमा जनसहभागिता, सामाजिक उत्तरदायित्व र सार्वजनिक निगरानीलाई थप प्रभावकारी बनाइनेछ।

नगरपालिकाको विकास र समृद्धि कुनै एक व्यक्ति, संस्था वा नेतृत्वको मात्र जिम्मेवारी नभई सम्पूर्ण नगरवासीको साझा दायित्व र अभियान हो भन्ने विश्वासका साथ यस अभियानमा सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु।

वजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अमूल्य सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरू, जनप्रतिनिधिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण कर्मचारीहरू, विषयगत समितिहरू, विभिन्न संघसंस्था तथा नगरवासी महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

समृद्ध पालुङटार, सुखी पालुङटारवासी निर्माणको हाम्रो साझा यात्रामा यहाँहरूको निरन्तर साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दै प्रस्तुत वजेटको सफल कार्यान्वयनमा सबैलाई सहभागी हुन हार्दिक अनुरोध गर्दछु।

**धन्यवाद**